सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचार सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावनाः सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते भएका लुम्बिनी प्रदेशभित्र बसोबास गर्ने व्यक्तिहरूको उपचारमा सहयोग गरी राज्यको दायित्व निर्वाह गर्ने र निजहरूको राज्यप्रति अपनत्व अभिवृद्धि गराउन वाञ्छनीय भएकाले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचार सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले घाइते व्यक्तिले उपचार गर्न दफा ७ बमोजिम तोकिएका अस्पताल सम्झनुपर्छ।

(ख) "औषधी उपचार सेवा" भन्नाले सम्झौता बमोजिम अस्पतालबाट घाइते भएका व्यक्तिहरूलाई उपलब्ध गराउने औषधी तथा उपचार सेवा सम्झनुपर्छ।

(ग) "घाइते व्यक्ति" भन्नाले सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्राप्त भएको विवरण अनुसार लुम्बिनी प्रदेशभित्र स्थायी बसोबास गरेका व्यक्ति सम्झनुपर्छ।

(घ) "जनआन्दोलन" भन्नाले सम्वत् २०६२/०६३ मा भएको जनआन्दोलन सम्झनुपर्छ।

(ङ) "जेन्जी आन्दोलन" भन्नाले सम्वत् २०८२ साल भदौ २३ र २४ मा भएको आन्दोलन सम्झनुपर्छ।

मा. भण्डारी लाल अहिर
मन्त्री

(च) "मधेश आन्दोलन" भन्नाले लुम्बिनी प्रदेशको तराई क्षेत्रमा मधेशी समुदायको हक अधिकारको माग राखी विभिन्न समय (विशेषत २०६३, २०६४ र २०७२) मा भएका आन्दोलन सम्झनुपर्छ।

(छ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा शान्ति सुरक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "सशस्त्र द्वन्द्व" भन्नाले वि.सं. २०५२ साल फागुन १ देखि २०६३ मंसिर ५ सम्म तत्कालीन माओवादीद्वारा गरेको सशस्त्र द्वन्द्व सम्झनुपर्छ।

३. <u>सूचीकृत सम्बन्धी व्यवस्था</u>: (१) मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी घाइते व्यक्तिहरूको अद्यावधिक विवरण माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा मन्त्रालयले औषधी तथा उपचार सेवा प्रदान गर्न सूचीकृत हुने प्रयोजनका लागि आफ्नो वेबसाइट तथा राष्ट्रिय दैनिक पत्रिकामार्फत तीस दिनको सूचना प्रकाशन गर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचीकृत हुन र परिचयपत्र प्राप्त गर्न देहायको विवरण सहित मन्त्रालयमा अनुसूची-१ बमोजिम मन्त्रालय (वा मन्त्रालयको ईमेलमार्फत) मा निवेदन दिनुपर्नेछः-

(क) घाइतेको परिचयपत्रको प्रतिलिपि

(ख) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ वटा

(ग) घाइतेको प्रकृति खुलेको कागजातको प्रतिलिपि

(घ) उपचार गराउन चाहेको अस्पताल

(ङ) अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनको दफा ५ बमोजिमको समितिले छानविन गरी औषधी तथा उपचार सेवा लिन इच्छुक घाइते व्यक्तिहरूको सूचीकृत गर्नेछ।

४. <u>परिचयपत्र सम्बन्धी व्यवस्था:</u> (१) दफा ३ को उपदफा (४) बमोजिम सूचीकृत भएका घाइते व्यक्तिहरूलाई मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुसूची-२ बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गर्नेछ।

मा. भण्डारी लाल अहिर
मन्त्री

(२) उपदफा (१) बमोजिमको परिचयपत्र मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट प्रत्येक ३ वर्षमा नवीकरण गरिनेछ।

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला, कानून, उद्योग तथा यातायात मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

५. <u>सूचीकृत तथा सिफारिस समितिः</u> (१) दफा ३ बमोजिम निवेदन प्राप्त घाइते व्यक्तिहरूको सूचीकृत गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क)	महाशाखा प्रमुख (शान्ति सुरक्षा विषय हेर्ने), मन्त्रालय	-संयोजक
(ख)	अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय	-सदस्य
(ग)	अधिकृत प्रतिनिधि, स्वास्थ्य मन्त्रालय	-सदस्य
(घ)	शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय	-सदस्य
(ङ)	शाखा प्रमुख, शान्ति सुरक्षा विषय हेर्ने शाखा, मन्त्रालय	-सदस्य-सचिव

(२) समितिले सम्बन्धित विषय वा क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. <u>सूचीकृत तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> दफा ५ को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला प्रशासन कार्यालयहरूबाट विवरण माग गरी घाइतेहरूको विवरण अद्यावधिक गर्ने,

(ख) दफा ३ बमोजम प्राप्त निवेदनको छानविन गरी सूचीकृत गर्ने,

(ग) सूचीकृत भएका घाइतेहरूको विवरण खोली परिचयपत्र प्रदान गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) घाइतेले छनोट गरेको आधारमा स्वीकृत बजेटको परिधिभित्र रही अस्पताललाई रकम प्रदान गर्न प्रतिशत निर्धारण गर्ने,

(ङ) अस्पतालबाट माग भई आएको रकमको सन्दर्भमा कागजातहरूको छानविन गरी थप निकासाको लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(च) यस कार्यविधि बमोजिम प्रदान गरिने सेवाको अनुगमन तथा मूल्याङ्कन गरी सिफारिस गर्ने।

७. <u>अस्पतालको छनोट तथा सम्झौता सम्बन्धी व्यवस्थाः</u> (१) मन्त्रालयले यस कार्यविधि बमोजिम परिचयपत्र प्राप्त घाइते व्यक्तिहरूको औषधी उपचार गराउन देहायका अस्पताल छनोट गर्नेछः-

(क) लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रुपन्देही,

मा. भण्डारी लाल अहिर
मन्त्री

(ख) भेरी अस्पताल, बाँके,

(ग) राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङ,

(घ) राप्ती प्रादेशिक अस्पताल, दाङ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून, उद्योग तथा वाणिज्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

(२) उपदफा (१) बमोजिमका अस्पतालसँग मन्त्रालयले सोझै वार्ता गरी अनुसुची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

८. <u>रकम भुक्तानी र अस्पतालको दायित्व:</u> (१) मन्त्रालयले दफा ८ बमोजिम सम्झौता गरेका अस्पताललाई देहायबमोजिम अख्तियारी प्रदान गर्नेछः-

(क) दफा ५ बमोजिमको समितिले अस्पताललाई प्रतिशत निर्धारण गरेबमोजिम स्वीकृत बजेटको पच्चिस प्रतिशतले हुन आउने रकम प्रत्येक अस्पताललाई मन्त्रालयले अख्तियारी स्वरुप पहिलो किस्ता प्रदान गर्ने,

(ख) खर्च भएको रकमको विवरणका आधारमा अस्पतालको माग र दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा अस्पताललाई थप रकम क्रमशः अख्तियारी दिने।

(२) अस्पतालले यस कार्यविधि बमोजिम परिचयपत्र प्राप्त घाइते व्यक्तिहरूलाई उपदफा (१) बमोजिमको अख्तियारी रकमबाट औषधी उपचार सेवा उपलब्ध गराउनु पर्नेछ र सोको विवरण प्रत्येक पटक परिचयपत्र र अस्पतालको अभिलेखमा अनिवार्य रुपमा जनाई प्रमाणित गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको खर्चको एकीकृत विवरण अनुसूची-४ बमोजिमको ढाँचामा अस्पतालले त्रैमासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) औषधी उपचार सम्वन्धी अन्य व्यवस्था अस्पताल र मन्त्रालयविच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

९. <u>औषधी उपचार सेवा र खर्चको प्रकृति</u>ः अस्पतालले घाइते व्यक्तिहरूको परिचयपत्रको आधारमा घाइते भएका व्यक्तिहरूलाई वर्षमा एकपटक देहायबमोजिम औषधी उपचार सेवा प्रदान गर्नेछः-

(क) सामान्य प्रकृतिको उपचारः रु १० हजारसम्म अस्पतालले फलोअपसमेत हुने गरी सोझै उपचार गर्ने,

मा. भण्डारी लाल अहिर
मन्त्री

(ख) विशेष प्रकृतिको उपचार (अस्पतालमा भर्ना भई उपचाररत र सामान्य सल्यक्रिया): रु. २५ हजारसम्म खर्च हुने औषधि उपचार र फलोअप खर्चको सन्दर्भमा अस्पतालको सिफारिसमा मन्त्रालयबाट स्वीकृत,

(ग) जटिल प्रकृतिको उपचार (अस्पतालमा भर्ना भई निरन्तर उपचाररत र जटिल प्रकृतिको शल्यक्रिया): रु. १ लाखसम्म खर्च हुने औषधि उपचार र फलोअप खर्चको सन्दर्भमा अस्पतालको सिफारिसमा दफा १० बमोजिम गठित समितिबाट स्वीकृत,

(घ) विशेष प्रकृतिको उपचार: रु. १ लाख भन्दा बढी खर्च हुने औषधि उपचार र फलोअप खर्च, सम्झौता गरेका अस्पतालभन्दा बाहिरका अस्पतालमा रिफर गर्न वा कृत्रिम अङ्ग जडान गर्नुपर्ने सन्दर्भमा अस्पतालको सिफारिसमा दफा ११ बमोजिम गठित समितिबाट स्वीकृत।

१०. <u>जटिल प्रकृतिको उपचार खर्च स्वीकृत समितिः</u> (१) अस्पतालमा भर्ना भई निरन्तर उपचाररत र जटिल प्रकृतिको शल्यक्रिया गर्नुपर्ने अवस्थाका घाइते व्यक्तिहरूको हकमा रु. २५ हजारभन्दा माथि रु. १ लाखसम्म खर्च हुने औषधि उपचार र फलोअप खर्चको सन्दर्भमा अस्पतालले गरेको सिफारिसलाई छानविन गरी उपचार खर्च स्वीकृत गर्ने प्रयोजनको लागि देहायबमोजिमको समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) उपसचिव प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) चिकित्सक प्रतिनिधि, स्वास्थ्य मन्त्रालय -सदस्य

(घ) महाशाखा प्रमुख, शान्ति सुरक्षा विषय हेर्ने महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) सम्बन्धित विषयको विशेषज्ञ चिकित्सकलाई समितिले बैठकमा विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ।

११. <u>विशेष प्रकृतिको उपचार खर्च स्वीकृत समितिः</u> (१) रु. १ लाख भन्दा बढी खर्च हुने औषधि उपचार र फलोअप खर्च, सम्झौता गरेका अस्पतालभन्दा बाहिरका अस्पतालमा रिफर गर्न वा कृत्रिम अङ्ग जडान गर्नुपर्ने सन्दर्भमा अस्पतालले गरेको सिफारिसलाई छानविन गरी उपचार खर्च स्वीकृत गर्ने प्रयोजनको लागि देहायबमोजिमको समिति रहनेछः-

मा. भण्डारी लाल अहिर
मन्त्री

(क) प्रमुख सचिव, लुम्बिनी प्रदेश सरकार -संयोजक

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) सचिव, स्वास्थ्य मन्त्रालय -सदस्य

(घ) चिकित्सक प्रतिनिधि, स्वास्थ्य मन्त्रालय -सदस्य

(ङ) सचिव, मन्त्रालय -सदस्य-सचिव

(२) सम्बन्धित विषयको विशेषज्ञ चिकित्सकलाई समितिले बैठकमा विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ।

१२. <u>प्रशासनिक खर्च व्यवस्थापनः</u> (१) अस्पताललेे यस कार्यविधि बमोजिम खर्च भएको रकमको पाँच प्रतिशतसम्म प्रशासनिक खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्दा लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को पालना हुने गरी खर्च गर्नु पर्नेछ।

१३. <u>लेखाङ्कन सम्बन्धी व्यवस्थाः</u> (१) अस्पतालले औषधी उपचारको क्रममा गर्नुपर्ने परीक्षण खर्च, औषधी उपचार खर्च लगायतका अख्तियार प्राप्त रकमबाट भएको अन्य खर्चको विवरण दुरुस्त राखी लेखासम्बन्धी प्रचलित कानुन बमोजिम फरफारक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अख्तियार प्राप्त रकमबाट भएको खर्चको विवरण फरफारक गरे पश्चात बाँकी भएको रकम आर्थिक वर्ष शुरु भएको १५ (पन्ध्र) दिनभित्र मन्त्रालयलाई फिर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त रकम मन्त्रालयले औषधि उपचार कोष खडा गरी जम्मा गर्नुपर्नेछ।

१४. <u>अनुगमन र अन्य खर्च सम्बन्धी व्यवस्थाः</u> (1) औषधी उपचारको प्रभावकारिता, गुणस्तर तथा सम्झौता बमोजिम औषधी उपचार भए नभएको सम्बन्धमा मन्त्रालयले जुनसुकै बखत अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा र यस कार्यविधि बमोजिम गठित समितिका सदस्यले लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिमको नियमानुसार अनुगमन खर्च तथा बैठक भत्ता पाउनेछन्।

१५. <u>संशोधन वा हेरफेर गर्न सक्नेः</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस कार्यविधिमा आवश्यकतानुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

निवेदनको ढाँचा

श्री आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः सूचीकृत भई घाइते परिचयपत्र पाऊँ।

प्रस्तुत विषयमा म सशस्त्र द्वन्द्व/जनआन्दोलन/मधेश आन्दोलन/जेन्जी आन्दोलनका क्रममा घाइते भएकोले सूचीकृत भई घाइते परिचयपत्र प्राप्तिका लागि निम्न बमोजिमको विवरण र कागजातसहित निवेदन पेस गरेको छु। मैले पेस गरेको कागजातहरू ठिक साँचो छ, झुट्टा ठहरेमा कानुन बमोजिम सहुँला/बुझाउँला।

१. घाइतेको नाम, थरः ....
२. वाबु/आमाको नाम, थरः ....
३. संरक्षकको नाम, थरः ....
४. लिङ्गः ☐ पुरुष ☐ महिला ☐ अन्य
५. जन्म मिति/उमेरः ....
६. नागरिकता नं.: ....
७. स्थायी ठेगानाः
   प्रदेशः लुम्बिनी प्रदेश जिल्लाः ....
   स्थानीय तहः .... वडा नं.: ....
८. घटनाको किसिमः ....
९. घाइतेको संक्षिप्त प्रकृतिः ....
१०. अपाङ्गता भएमा अपाङ्गताको परिचयपत्रकोः
   नम्वर................
   वर्ग...................
   सहयोगी आवश्यक पर्ने नपर्ने सोको विवरण...................
११. उपचारका लागि तोकिएको अस्पतालः ....
१२. सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते वा त्यसको प्रभावका कारणले घाइते भएको सिफारिस पत्र।

निवेदक
दस्तखतः-
नामथरः-
ठेगानाः-
सम्पर्क नं.:
मितिः

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

परिचयपत्रको ढाँचा

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइतेको परिचयपत्र

परिचयपत्र नं.: .... जारी मिति: ....

फोटो

१. परिचयपत्र वाहकको विवरण

घाइतेको नाम, थर: ....

बाबु/आमाको नाम, थर: ....

संरक्षकको नाम, थर: ....

लिङ्ग: □ पुरुष □ महिला □ अन्य

जन्म मिति/उमेर: ....

नागरिकता नं.: ....

स्थायी ठेगाना:

प्रदेश: लुम्बिनी प्रदेश जिल्ला: ....

स्थानीय तह: .... वडा नं.: ....

घटनाको किसिम: ....

घाइतेको संक्षिप्त प्रकृति: ....

अपाङ्गता भएमा अपाङ्गताको परिचयपत्रको:

नम्बर................

वर्ग...................

सहयोगी आवश्यक पर्ने नपर्ने सोको विवरण...................

उपचारका लागि तोकिएको अस्पताल: ....

प्रमाणित गर्ने अधिकारी:

नाम: ....

पद: ....

दस्तखत: ....

मिति: ....

१

मा. भण्डारी लाल अहिर

मन्त्री

नवीकरणः

सि.नं.	आ. व. देखि	आ. व. सम्म	नवीकरण मिति	नवीकरण गर्ने कर्मचारीको हस्ताक्षर	कैफियत

उपचारको विवरणः

सि.नं.	उपचार गराएको र फलोअप मिति	औषधि उपचारको संक्षिप्त विवरण	औषधि उपचार खर्च	चिकित्सकको नाम	प्रमाणित गर्ने कर्मचारीको नाम थर	प्रमाणित गर्ने कर्मचारीको हस्ताक्षर र मिति	अस्पतालको छाप	कैफियत

परिचयपत्रको पछाडिको भाग

महत्त्वपूर्ण सूचनाः

१. यो परिचयपत्र लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयको अभिलेखका आधारमा जारी गरिएको हो।

२. परिचयपत्रमा उल्लेखित विवरणमा कुनै परिवर्तन भएमा सम्बन्धित निकायलाई जानकारी गराई अभिलेख अद्यावधिक गराउनुपर्नेछ।

३. परिचयपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित निकायमा निवेदन दिई प्रतिलिपि लिन सकिनेछ।

४. यस परिचयपत्रको दुरुपयोग गर्न पाइने छैन।

५. यस परिचयपत्रका आधारमा प्राप्त हुने औषधि उपचार र फलोअप खर्च कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ।

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

सम्झौता पत्रको ढाँचा

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय र ....अस्पतालबिच सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचार कार्यक्रम सञ्चालनका लागि गरिएको

सम्झौता पत्र

हामी यस सम्झौताका दुइ पक्ष प्रदेश सरकार आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल (यसपछि प्रथम पक्ष भनिएको) र .... अस्पतालका तर्फबाट मेडिकल सुपरिन्टेन्डेन्ट (यसपछि दोस्रो पक्ष भनिएको) बिचमा सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते व्यक्तिहरूको औषधी उपचार कार्यक्रम सञ्चालनका लागि देहायका सर्तका आधारमा यो सम्झौता गर्न दुबै पक्ष मञ्जुर भई सहीछाप गरी एक/एक प्रति बुझी लियौं/दियौं।

देहायः

(क) सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते भएका उपचारका लागि पहिलो पक्षबाट सिफारिस भएका व्यक्तिहरूको स्वास्थ्य जाँच, परीक्षण तथा औषधी गर्न चालु आर्थिक वर्षको लागि रकम रू............ पहिलो पक्षले दोस्रो पक्षलाई अख्तियारीको रूपमा उपलब्ध गराउनु पर्नेछ।

(ख) दोस्रो पक्षले पहिलो पक्षबाट सिफारिस भएका बिरामीहरूको स्वास्थ्य जाँच, परीक्षण, औषधी उपचार गर्नका लागि अख्तियारी प्राप्त रकम मध्येबाट खर्च गरी सोको मासिक खर्च विवरण पहिलो पक्षलाई दिनु पर्नेछ।

(ग) दोस्रो पक्षले घाइते भएका व्यक्तिहरुको उपचारका क्रममा उपचाररत अस्पतालमा आवश्यक औषधी नभएमा सम्बन्धित चिकित्सकको सिफारिसमा दफा ९ को खर्चको सीमाभित्र रही अन्यत्रबाट खरिद गरेको औषधिको समेत भुक्तानी गर्न सक्नेछ।

(घ) दोस्रो पक्षले शारीरिक परीक्षण वा औषधी उपचार गराएका व्यक्तिहरूको विवरण सहितको फाइल सुरक्षित राखी सोको अभिलेख पहिलो पक्षलाई दिनु पर्नेछ।

(ङ) दोस्रो पक्षले अनुसूची-२ मा रहेको उपचारको विवरण भरी अनुसूची-४ बमोजिमको खर्चको विवरण त्रैमासिक रुपमा प्रथम पक्षलाई पठाउनु पर्नेछ।

(च) दोस्रो पक्षले अख्तियारी प्राप्त भएको रकमबाट खर्च भएको रकम बाहेकको बाँकी हुन आउने रकम आर्थिक वर्ष शुरु भएको १५ (पन्ध्र) दिनभित्र मन्त्रालयलाई फिर्ता गर्नु पर्नेछ।

मा. भण्डारी लाल अहिर
मन्त्री

(छ) दोस्रो पक्षले औषधी उपचारलाई सहज बनाउनका लागि प्रथम पक्षबाट उपलब्ध गराइएको प्रशासनिक खर्चबाट एक जना स्वास्थ्यकर्मी तोकी निजलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ र सोको जानकारी प्रथम पक्षलाई दिनु पर्नेछ।

(ज) यस कार्यविधि बमोजिम भएको खर्चको आन्तरिक र अन्तिम लेखा परीक्षण गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(झ) सम्झौता अनुसारको कार्यक्रम सञ्चालन गर्दा कुनै द्विविधा वा समस्या पर्न आएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

(ञ) यस कार्यविधिमा भएको व्यवस्थाका अतिरिक्ति अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ।

<u>प्रथम पक्षको तर्फबाट</u>

नामः

पदः

मन्त्रालयः

हस्ताक्षरः

मितिः

साक्षीहरूः

<u>दोस्रो पक्षको तर्फबाट</u>

नामः

पदः

अस्पतालः

हस्ताक्षर

मितिः

साक्षीहरूः

इति सम्वत् २०८३ साल........... महिना.............गते रोज............. शुभम्

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-४

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

<u>खर्चको एकीकृत विवरण</u>

श्री आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः <u>खर्चको एकीकृत विवरण पठाइएको।</u>

आ. व. अवधीः मिति ....देखि.................... सम्म

प्राप्त बजेट रकम रु. खर्च भएको रकम रु. मौज्दात रकम रु.

सि.नं.	घाइतेको विवरण	उपचार गराएको मिति	कैफियत

<u>प्रमाणित गर्ने अधिकारी</u>

नाम थर.............

हस्ताक्षर...............

पद............

अस्पतालको नाम र छाप

मितिः ....

मा. भण्डारी लाल अहिर
मन्त्री